# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४ ) काठमाडौं, साउन ३ गते २०५१ साल (संख्या १४

## भाग ३

श्री ५ को सरकार

### रक्षा मन्त्रालयको सूचना

शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) (नवौं संशोधन)

नियमावली, २०५१

शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा ११ र १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) (नवौं संशोधन) नियमावली, २०५१" रहेको छ।

(२) यो नियमावली २०५१ साल बैशाख १ गतेदेखि प्रारम्भ भएको मानिनेछ।

२. शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ को नियम ११ (क) मा संशोधनः शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ को नियम ११ क. को,–

(१) उपनियम (१), (२) र (३) को सट्टा देहायका उपनियम (१), (२) र (३) राखिएका छन् –

२०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति स्थापना गर्न विश्वको जुनसुकै भागमा खटिई जाँदा आफ्नो कर्तव्य पालन गर्दागर्दै कुनै सैनिक जवानको मृत्यु भएमा निजको हकवालालाई संयुक्त राष्ट्र संघबाट प्राप्त हुने पच्चीस हजार यु. एस. डलर बराबरको नेपाली रूपैयाँ मृतक विशेष भत्ता दिइने छ। यसरी मृतक विशेष भत्ता दिइसकेपछि नियम ७ को उपनियम (४) बमोजिम निजको हकवालालाई पारिवारिक निवृत्त-भरण तथा उपदानमध्ये पारिवारिक निवृत्तभरण मात्र दिइने छ।

(२) उपनियम (१) बमोजिम खटिई जाँदा आफ्नो कर्तव्य पालन गर्दा गर्दै कुनै सैनिक जवान दुर्घटनामा परी अशक्त भएमा निजलाई संयुक्त राष्ट्रसंघबाट देहायको अवस्थामा देहायबमोजिम प्राप्त हुने यु. एस. डलर बराबरको नेपाली रूपैयाँ विशेष अशक्त वृत्त दिइने छः–

| अशक्तताको किसिम | विशेष अशक्त वृत्ति (यु.एस. डलरमा) |
|---|---|
| (क) स्मरण शक्ति हराएमा वा विक्षिप्त भएमा | पन्ध्र हजार |
| (ख) दुवै आँखा नदेख्ने भएमा | पन्ध्र हजार |
| (ग) एक आँखा नदेख्ने भएमा | सात हजार पाँच सय |
| (घ) दुवै हात भाँचिएमा | पध्र हजार |
| (ङ) एक हात भाँचिएमा | सात हजार पाँच सय |
| (च) दुवै खुट्टा भाँचिएमा | पन्ध्र हजार |
| (छ) एक खुट्टा भाँचिएमा | सात हजार पाँच सय |
| (ज) बहिरो भएमा | पाँच हजार। |

(३) उपनियम (२) मा उल्लेखित अशक्तता बाहेक अन्य रूपले अशक्त भै काम गर्न नसक्ने भएकालाई संयुक्त राष्ट्रसंघबाट प्राप्त हुने नौ हजार पाँच सय यु. एस. डलर बराबरको नेपाली रूपैयाँ विशेष अशक्त वृत्ति दिइने छ।"

(२) उपनियम (३क) मा रहेका "र उपनियम (२) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेखित रकमको हकमा समेत प्रत्येक वर्ष दश प्रतिशतका दरले वृद्धि हुनेछ" भन्ने शब्दहरू झिकिएका छन्।

आज्ञाले
रमेशजङ्ग थापा
श्री ५ को सरकारको सचिव

290



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी अन्तर्राष्ट्रिय श्रम संगठनले पचहत्तरौं वर्ष पूरा गरेको उपलक्ष्यमा निम्न डिजाइन, नाप र तौलका सिक्काहरू टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिइएकोले यो सूचना प्रकाशित गरिएको छ ।

रु. ३००।–को सिक्का

अग्रभागः– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५१ रही स्वस्तीक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल रहनेछ ।

पृष्ठभागः– वरिपरि ६४ थोप्लाभित्र अर्ध गोलाकार रूपमा बायाँ पट्टि नेपालीमा "नेपाल" र दायाँ पट्टि अंग्रेजीमा NEPAL को मुनिबीचमा अन्तरराष्ट्रिय श्रम संगठनको लोगो, लोगो भन्दा मुनि बायाँतर्फ नेपालीमा "रू ३००" र दायाँतर्फ अंग्रेजीमा "Rs 300" त्यस भन्दा तल सिधा रेखामा अंग्रेजीमा "75TH ANNIVERSARY" र सबभन्दा तल अंग्रेजीमा "1919–1994" रहनेछ ।

| | |
|---|---|
| अंकित मूल्य | रू ३००।– |
| व्यास | ३६ मि. मि. |
| तौल | १८ ग्रा (± ३०० मि. ग्रा ) |
| धातु | चाँदी ९२.५ प्रतिशत (± १ प्रतिशत) |
| धर्सो | धर्सो भएको |
| स्तर | साधारण |
| अधिकतम थान | १०,००० थान |

### सूचना २

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी अन्तर्राष्ट्रिय श्रम संगठनले पचहत्तरौ वर्ष पूरा गरेको उपलक्ष्यमा निम्न डिजाइन, नाप र तौलका सिक्काहरू टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

299



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रु. १०।– को सिक्का

अग्रभागः– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५१ रही स्वस्तीक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल रहनेछ ।

पृष्ठभागः– वरिपरि ६४ थोप्लाभित्र अर्ध गोलाकार रूपमा बायाँ पट्टि नेपालीमा "नेपाल" र दायाँ पट्टि अंग्रेजीमा "NEPAL" को मुनिबीचमा अन्तर्राष्ट्रिय श्रम संगठनको लोगो, लोगो भन्दा मुनि बायाँतर्फ नेपालीमा रू. "१०।–" र दायाँतर्फ अंग्रेजीमा "Rs 10" त्यस भन्दा तल सिधा रेखामा अंग्रेजीमा "75TH ANNIVERSARY" र सब भन्दा तल अंग्रेजीमा "1919-1994" रहनेछ ।

| | |
|---|---|
| अङ्कित मूल्य | रु १०।– |
| व्यास | २९ मि. मि. |
| तौल | ८.५ ग्राम ( ± ३ प्रतिशत ) |
| धातु | ७५ प्रतिशत तामा, २५ प्रतिशत निक्केल |
| धर्सो | नभएको |
| स्तर | साधारण |
| अधिकतम थान | १०,००,००० थान |

आज्ञाले,
विश्वनाथ सापकोटा
श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

२५२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार